कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६०१०८२
दर्ता मिति: २०८२।११।२६

# राष्ट्रिय मानव अधिकार आयोगको सचिव *सिफारिस सम्बन्धी कार्यविधि, २०७९

**(पहिलो संशोधन समेत मिलाईएको)**

जारी मिति: २०७९/०५/१९
पहिलो संशोधन मिति: २०८०/०३/१९

प्रस्तावना: राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय मानव अधिकार आयोगले देहायको कार्यविधि बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **राष्ट्रिय मानव अधिकार आयोगको सचिव †सिफारिस सम्बन्धी कार्यविधि, २०७९** रहेको छ ।
(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**
(क) "आयोग" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्छ ।
(ख) "सचिव" भन्नाले राष्ट्रिय मानव अधिकार आयोगको सचिव सम्झनु पर्छ ।
(ग) "सिफारिस समिति" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय मानव अधिकार आयोगको सचिव सिफारिस समिति सम्झनु पर्छ ।

३. **सिफारिस समितिको गठन:** (१) आयोगको सचिव पदमा नियुक्तिको लागि सिफारिस गर्न आयोगले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ:-
(क) राष्ट्रिय मानव अधिकार आयोगले तोकेको एकजना सदस्य .............. अध्यक्ष
(ख) लोक सेवा आयोगको पूर्व सदस्य वा नेपाल सरकारको मुख्य सचिव वा सचिव पदबाट अवकाश प्राप्त व्यक्तिहरूमध्ये आयोगले तोकेको एक जना .............. सदस्य
(ग) विश्वविद्यालयका प्राध्यापक वा कानून वा मानव अधिकारको क्षेत्रमा विशिष्ट योगदान गरेका प्रतिष्ठित व्यक्तिहरुमध्येबाट आयोगले तोकेको एक जना ............... सदस्य
(२) आयोगले उपदफा १० बमोजिमको सदस्य तोक्दा कम्तिमा एक जना महिला तोक्नु पर्नेछ।
(३) आयोगको कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले सिफारिस समितिको सचिव भई कार्य गर्नेछ ।
(४) सिफारिस समितिको बैठक तथा अन्य आवश्यक कार्यविधि सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(५) सिफारिस समितिका अध्यक्ष र सदस्यले आयोगले तोके बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन ।

---

* पहिलो संशोधनबाट संशोधित
† पहिलो संशोधनबाट संशोधित

४. **सूचना प्रकाशनः** (१) आयोगले सचिव पदमा सिफारिस गर्नको लागि कम्तीमा [‡] ३५ (पैतीस) दिनको समय दिई राष्ट्रिय स्तरका दुईवटा दैनिक पत्रिकामा इच्छुक व्यक्तिबाट दरखास्त दिनकोलागि सूचना प्रकाशन गर्नेछ ।

[§](२) .........✂

(३) उपदफा (१) बमोजिमको सूचना आयोगको वेभसाईटमा समेत राखिनेछ ।

५. **न्यूनतम योग्यता र अनुभवः** (१)सचिव पदमा आवेदन गर्न देहायको योग्यता पुगेको हुनु पर्नेछ।

क) नेपाली नागरिक ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको ।

[**](ग) निजामती सेवाको विशिष्ठ श्रेणीको पदमा उमेद्वार हुन योग्यता पुगेको वा संवैधानिक निकायको सह-सचिव सरहको पदमा रही मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुर्याएको वा मानवअधिकार सम्बन्धी राष्ट्रिय वा अन्तराष्ट्रिय निकायहरुमा अविछिन्न रुपमा उच्च अधिकृत स्तरको पदमा पन्ध्र वर्ष काम गरी अनुभव प्राप्त गरेको ।

६. **विशेष योग्यता** (१) सचिव पदमा आवेदन दिने उम्मेदवारको देहायको योग्यतालाई विशेष योग्यता मानिनेछ

(क) कुनै विषयमा विद्यावारिधिको उपाधि हासिल गरेको ।

(ख) न्यूनतम योग्यता बाहेकको अन्य कुनै विषयमा अतिरिक्त स्नातकोत्तर उपाधि हासिल गरेको।

[††]६क **उम्मेदवारको अयोग्यताः (१)** देहायको व्यक्ति आयोगको सचिवको पदमा आवेदन गर्न अयोग्य हुनेछ ।

(क) भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागु औषध विक्रि वितरण तथा निकासी वा पैठारी, सम्पत्ती शुद्दीकरण, वन्यजन्तुको ओसारपसार, संगठित अपराध, राहदानीको दुरुपयोग, अपहरण सम्बन्धी कसुर, मानव अधिकार उल्लंघन वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको ।

(ख) राजनैतिक दलको सदस्य रहेको

७. **कागजात पेश गर्नु पर्नेः (१) दफा ४ बमोजिम सचिव पदमा दरखास्त दिने व्यक्तिले देहाय बमोजिमका कागजात दरखास्तसाथ पेश गर्नु पर्नेछः**

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

(ख) शैक्षिक योग्यता र विशेष योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) तालिम तथा कार्य अनुभवको प्रमाणित प्रतिलिपि

(घ) हालसालै खिचेको ३ प्रति फोटोसहितको व्यक्तिगत विवरण, ई-मेल, सम्पर्क मोवाइल नम्बर र ठेगाना

---

‡ पहिलो संशोधनबाट संशोधित

§ पहिलो संशोधनबाट झिकिएको

** पहिलो संशोधनबाट संशोधित

†† पहिलो संशोधनबाट थप

[‡‡](ङ) मानव अधिकारसँग सम्बन्धित विषयमा कृति प्रकाशन गरेको भए सो सम्बन्धी विवरण/वेभसाइट

[§§](च) आयोगको संस्थागत विकास तथा आयोगको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धी पाँच हजार शव्दमा नवढाइ कार्ययोजना र अवधारणा पत्र र सो को विद्युतीय प्रति,

[***](छ) भ्रष्टाचार तथा मानव अधिकार उल्ल्घंन तथा अन्य जघन्य नैतिक पतन देखिने फौजदारी अभियोगमा कुनै सजाय नपाएको स्वघोषणा ।

[†††](ज) सचिव पदमा रहँदा दलगत राजनीतिलाई लाभहानी दृष्टिकोणले कुनै निर्णय नगर्ने प्रतिवद्धताको स्वघोषणा ।

[‡‡‡](झ)कुनै व्यवस्थापकिय सीप अभिबृद्धि सम्बन्धी कुनै तालीम लिएको भए सो को प्रतिलिपि।

(२) उपदफा (१) बमोजिमका कागजातहरूको पछाडिपट्टी उम्मेदवार आफैले प्रमाणित गरेको हुनु पर्नेछ ।

८. **संक्षिप्त सूची तयार गर्नेः** (१) सिफारिस समितिले दफा ४ मा तोकेको दरखास्त दिने अवधि समाप्त भए पछि प्राप्त हुन आएका दरखास्तहरुको छानबिन गरी उम्मेदवारहरुको संक्षिप्त सूची (Short List) तयार गर्नेछ ।

(२) सिफारिस समितिले संक्षिप्त सूची (Short List) मा छनौट भएका उम्मेद्वारलाई मात्रै अर्न्तवार्तामा सामेल गर्ने ।

३) सिफारिस समितिले उपदफा (१) बमोजिम सूचीमा नाम समावेश भएका उम्मेदवारहरुको कार्ययोजना जाँच गरी प्रस्तुति र अन्तरवार्ताको लागि सिफारिस समितिले मिति, समय र स्थानको बारेमा सूचना प्रकाशन गर्नु पर्नेछ र सोको सूचना आयोगको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचनामा तोकेको मिति, समय र स्थानमा सम्बन्धित उम्मेदवार उपस्थित भई कार्ययोजना प्रस्तुत र अन्तरवार्ता दिनु पर्नेछ ।

(५) समितिले आफ्नो कार्य सम्पादन क्रममा सम्बन्धित विज्ञको सेवा लिन सक्नेछ ।

९. **मूल्याङ्कनको आधारः** (१) उम्मेदवारको मूल्याङ्कन देहायको आधारमा गरिनेछः

(क) शैक्षिक योग्यता,
(ख) विशेष योग्यता
(ग) तालिम,
(घ) कार्यानुभव,
(ङ) मानव अधिकारसँग सम्बन्धित कृति प्रकाशन,
(च) कार्ययोजना,
(छ) कार्ययोजना प्रस्तुतीकरण,
(ज) अन्तर्वार्ता ।

---

[‡‡] पहिलो संशोधनबाट संशोधित

[§§] पहिलो संशोधनबाट संशोधित

[***] पहिलो संशोधनबाट थप

[†††] पहिलो संशोधनबाट थप

[‡‡‡] पहिलो संशोधनबाट थप

(२) उपदफा (१) बमोजिम उम्मेदवारको मूल्याङ्कन गर्दा अनुसूची १ मा तोकेबमोजिमको अङ्क प्रदान गरी गरिनेछ

**द्रष्टव्य** : अनुसूची १ क्र.स. १ मा तोकिएको मापदण्ड सिफारिस समितिले तोके बमोजिम हुनेछ ।

**१०.** **आयोगमा सिफारिस गर्ने:** सिफारिस समितिले दफा ९ बमोजिमको मूल्याङ्कन प्रक्रियामा समावेश भएका उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनालाई योग्यताक्रमानुसार आयोगमा सिफारिस गर्नेछ ।

तर, दफा ८ बमोजिमको सूचीमा तीन जना भन्दा कम उम्मेदवार भएमा सो भन्दा कम उम्मेदवारको नाम सिफारिस गर्न बाधा पर्ने छैन ।

**११.** **नेपाल सरकारमा सिफारिस गर्ने:** (१) आयोगले दफा १० बमोजिम सिफारिस समितिले सिफारिस गरेको योग्यताक्रम अनुसार उच्चतम अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई सचिव पदमा नियुक्तिको लागि आयोगले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

तर कुनै विशेष परिस्थितिमा सिफारिस समितिले सिफरिस गरेको योग्यताक्रम अनुसार सिफारिस गर्न नसकिने भएमा आयोगले त्यसको आधार र कारण खोली योग्यताक्रम भन्दा फरक हुनेगरी समेत सिफारिस गर्न सक्नेछ ।

§§§**१२.** **सचिवको सेवा, शर्त र सुविधा सम्बन्धि अन्य व्यवस्था:** सचिवको सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था ऐनमा भएको व्यवस्थाको अतिरिक्त आयोगले तोके बमोजिम हुनेछ ।

**१३.** **बाधा अड्काउ फुकाउ:** (१) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यो कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र नलेखिएको हकमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

****१४.**बचाउ**: राष्ट्रिय मानव अधिकार आयोगको सचिव (सिफारिस) सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेको सबै कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

---

§§§ पहिलो संशोधनबाट संशोधित

**** पहिलो संशोधनबाट थप

**अनुसूची १**
**दफा को उपदफा २ सँग सम्बन्धित**
**उम्मेदवारको मूल्याङ्कन गर्दा प्रदान गरिने अङ्क**

१. उम्मेदवारको मूल्याङ्कन गर्दा देहाय बमोजिमको अङ्क प्रदान गरिनेछः

| | |
|---|---|
| (क) न्यूनतम शैक्षिक योग्यता बापत | १० अङ्क |
| (ख) विशेष योग्यता बापत | ५ अङ्क |
| (ग) तालिम बापत | ५ अङ्क |
| (घ) कार्यानुभव बापत | २० अङ्क |
| (ङ) मानव अधिकारसँग सम्बन्धित कृति प्रकाशन बापत | १० अङ्क |
| ††††(च) कार्ययोजना लेखन बापत | २० अङ्क |
| ‡‡‡‡(छ) प्रस्तुतीकरण बापत | १० अङ्क |
| (ज) अन्तर्वार्ता बापत | १५ अङ्क |
| §§§§(झ) सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक,लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्यको निमित्त | ५ अङ्क |

**स्पष्टीकरण**: उपखण्ड (क) को प्रयोजनको लागि “न्यूनतम शैक्षिक योग्यता” भन्नाले स्नातकोत्तर तह उत्तिर्ण र उपखण्ड (ख) को प्रयोजनका लागि “विशेष योग्यता” भन्नाले कुनै विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको वा न्यूनतम योग्यता बाहेकको अन्य कुनै विषयमा अतिरिक्त स्नातकोत्तर उपाधि हासिल गरेको सम्झनु पर्छ ।

२. उपखण्ड (ख) बमोजिम विशेष योग्यता बापत बढीमा देहाय बमोजिम अङ्क प्रदान गरिनेछः।

| | |
|---|---|
| (क) विद्यावारिधि उपाधि | ५अङ्क |
| (ख) अतिरिक्त स्नातकोत्तर उपाधि | ३ अङ्क |

३. कुनै उम्मेद्वारले विद्यावारिधि उपाधि र अतिरिक्त स्नातकेत्तर उपाधि दुवै प्राप्त गरेको रहेछ भने निजलाई माथिल्लो योग्यता बापतको मात्रै अङ्क प्रदान गरिनेछ ।

४. खण्ड (ग) बमोजिम तालिम बापत अङ्क प्रदान गर्दा मान्यताप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट कम्तीमा तीस कार्यदिन वा सो भन्दा बढी अवधिको मानव अधिकार वा उच्च व्यवस्थापन वा नेतृत्व सम्बन्धी तालिम प्राप्त गरेको आधारमा प्रदान गरिने छ ।

५. खण्ड (घ) बमोजिम कार्यानुभव बापत अङ्क प्रदान गर्दा सहसचिव वा सो सरहको पदमा कार्य गरेको प्रत्येक वर्षको दुई अङ्कका दरले बढीमा बीस अङ्क प्रदान गरिनेछ ।
तर,
(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।
(ख) सेवाकालमा गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क प्रदान गरिने छैन।

†††† पहिलो संशोधनबाट संशोधित

‡‡‡‡ पहिलो संशोधनबाट संशोधित

§§§§ पहिलो संशोधनबाट संशोधित

६. खण्ड (ङ) बमोजिम मानव अधिकारसँग सम्बन्धित कृति प्रकाशन बापत देहाय बमोजिम अङ्क प्रदान गरिनेछ ।

(क) मानव अधिकार सम्बन्धी विषयमा पुस्तक प्रकाशन बापत मूल्याङ्कन गरी प्रति पुस्तक १ अङ्कका दरले बढीमा ५ अङ्क ।

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भएको मानव अधिकार सम्बन्धी लेख बापत मूल्याङ्कन गरी प्रति लेखको १ अङ्कका दरले बढीमा ५ अङ्क ।

**स्पष्टीकरण** (१) कुनै उम्मेदवारले पेश गरेको कुनै पनि कृतिको मूल्याङ्कन गरी सो बापत के, कति अङ्क प्रदान गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सिफारिस समितिमा रहने छ ।

(२) कुनै उम्मेद्वारको नामबाट प्रकाशन भई पेश भएको पुस्तक र लेख मानव अधिकारसँग सम्बन्धित हो वा होइन भन्ने विषयमा सिफारिस समितिको निर्णय अन्तिम हुनेछ ।

७. खण्ड (च) बमोजिम कार्ययोजना बापत देहाय बमोजिम मूल्याङ्कन गरी बढीमा देहाय बमोजिम अङ्क प्रदान गरिनेछः।

| | |
|---|---|
| (क) विषयवस्तुको बारेमा स्पष्ट धारणा | ३ अङ्क |
| (ख) विश्लेषण गर्ने क्षमता तथा तार्किकता | ३ अङ्क |
| (ग) सिर्जनशीलता | २ अङ्क |
| (घ) सान्दर्भिकता र विश्वसनीयता | २ अङ्क |
| (ङ) प्राथमिकता र कार्यान्वयन पक्ष | २ अङ्क |
| (च) समस्याको पहिचान र समाधानको लागि सुझाव | २ अङ्क |
| (छ) कार्य योजनाको ढाँचा र लेखन शैली | ३ अङ्क |
| (ज) परिकल्पना सहितको अवधारणापत्र | ३ अङ्क |

८. खण्ड (छ) बमोजिम प्रस्तुतकरण बापत देहाय बमोजिम मूल्याङ्कन गरी बढीमा देहाय बमोजिम अङ्क प्रदान गरिनेछ ।

| | |
|---|---|
| (क) प्रस्तुतीकरणको ढाँचा, शैली, विधि र स्पष्टता | २ अङ्क |
| (ख) आत्मविश्वास | १ अङ्क |
| (ग) विषयवस्तुको ज्ञान | २ अङ्क |
| (घ) अन्तरक्रिया गर्ने क्षमता | १ अङ्क |
| (ङ) नेपाली तथा अङ्ग्रेजी भाषाको ज्ञान र शुद्धता | २ अङ्क |
| (च) समयको व्यवस्थापन | १ अङ्क |
| (छ) आधुनिक प्रविधिको प्रयोग | १ अङ्क |

९. उपखण्ड (ज) बमोजिम अन्तरवार्ता बापत देहाय बमोजिम मूल्याङ्कन गरी अङ्क प्रदान गरिनेछः(

| | |
|---|---|
| (क) विषयवस्तुको ज्ञान | ४ अङ्क |
| (ख) नेतृत्वदायी भूमिका | ३ अङ्क |
| (ग) व्यक्तित्व | २ अङ्क |
| (घ) सिर्जनशिलता | २ अङ्क |
| (ङ) विषय सम्बोधन गर्न सक्ने क्षमता | २ अङ्क |
| (च) आयोगप्रतिको प्रतिवद्धता | २ अङ्क |

स्पष्टीकरण अन्तरवार्ता बापत ४० प्रतिशतभन्दा कम र ७५ प्रतिशत भन्दा बढी अङ्क प्रदान गर्दा त्यसको कारण खुलाउनु पर्नेछ ।